त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
परीक्षा नियन्त्रण कार्यालय
OFFICE OF THE CONTROLLER
OF EXAMINATIONS

Balkhu, Kathmandu, Nepal
Tel: 977-5302727, 5377585
web: www.tuexam.edu.np
बल्खु, काठमाडौं, नेपाल ।
फोन : ५३०२७२७, ५३७७५८५

पत्र संख्या :
Reference No :

मिति/Date: २०८३।०५।१५

संशोधित परीक्षा तालिका प्रकाशन तथा केही परीक्षा केन्द्रका परीक्षा स्थगन सम्बन्धी अत्यन्त जरुरी सूचना

प्राकृतिक विपत्ति (भोटेकोशी बाढी) का कारण मिति २०८३ भाद्र ०२ गतेदेखि संचालित परीक्षा मध्ये 3 years LLB First Year-2082 New Course (Regular) and Partial - 2081 with Old Course (Partial/Chance) - 2081 का बाँकी रहेका परीक्षाहरु, मिति २०८३ भाद्र १५ गतेदेखि संचालन हुने 3 years B. Law Third Year Chance-2081 का परीक्षाहरु र मिति २०८३ भाद्र १५ गतेदेखि संचालन हुने भनिएका 4 years B.A., B.Ed., B.B.S., B.Sc. Second Year Partial - 2082 परीक्षाहरु समेतको परीक्षा तालिकालाई संशोधन गरी **मिति २०८३ भाद्र २२ गतेदेखि संचालन हुने गरी** परीक्षा तालिका प्रकाशित गरिएको छ ।

प्रकाशित परीक्षा तालिकाहरु मध्ये 3 years LLB First Year-2082 New Course (Regular) and Partial - 2081 with Old Course (Practical/Chance)-2081 र 3 years B. Law Third Year Chance - 2081 का परीक्षाहरुका परीक्षा केन्द्र पूर्व प्रकाशित सूचना अनुसारका केन्द्रहरुमा संचालन हुने र मिति २०८३ भाद्र १५ गतेदेखि संचालन हुने 4 years B.A., B.Ed., B.B.S., B.Sc. Second Year Partial - 2082 का पूर्व प्रकाशित परीक्षा केन्द्रहरु मध्ये **श्री नुवाकोट आदर्श बहुमुखी क्याम्पस, नुवाकोट, श्री निलकण्ठ बहुमुखी क्याम्पस, धादिङ र श्री कालिका हिमालय क्याम्पस, कालिकास्थान, रसुवा केन्द्रमा संचालन हुने परीक्षाहरु अर्को सूचना प्रकाशित नभएसम्मका लागि स्थगित गरिएको** व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

4 years B.A., B.Ed., B.B.S., B.Sc. Second Year Partial - 2082 का परीक्षार्थीहरुका लागि पूर्व प्रकाशित परीक्षा केन्द्रहरु मध्ये उल्लेखित तीनवटा परीक्षा केन्द्र बाहेकका अन्य सम्पूर्ण परीक्षा केन्द्रहरु यथावत कायम गरिएको व्यहोरा समेत जानकारी गराइन्छ ।

परीक्षा नियन्त्रक